म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१५ अङ्क:- २०८ २०८१ असार ६ गते बिहीबार 20 June 2024, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-

## समाजवादीका महाधिवेशन प्रतिनिधि छानिए

हेटौंडाः नेकपा (एकीकृत समाजवादी) को महाधिवेशनका लागि मकवानपुरबाट ४१ जना प्रतिनिधि छानिएका छन्। असार १६ गतेदेखि २० गतेसम्म हुने १० औं महाधिवेशनमा मकवानपुरका दुई वटै निर्वाचन क्षेत्रबाट ३२ जना तथा पार्टी केन्द्रीय नेतृत्वको विभिन्न पदमा रहेका अन्य ९ जनासहित ४१ जना प्रतिनिधि छानिएका हुन् । खुल्लातर्फ यादव गजुरेल, तिलक अधिकारी, ध्रुव भुजेल, कबिन पन्त, दुर्गा दहाल, सफल अधिकारी रहेका छन्। यस्तै दलित तर्फबाट कल्पना बिक रहेका छन्। क्षेत्र नम्बर १ बाट पेशागततर्फ लोकनाथ दहाल, महिलातर्फबाट सीता अधिकारी, गायत्री सुवेदी र विष्णु लामा रहेका छन्। यस्तै, युवातर्फबाट किशोरकुमार टण्डन महाधिवेशनमा प्रतिनिधी छनौट भएका हुन्। मकवानपुरको क्षेत्र नं. २ बाट खुल्लातर्फ बिष्णु दहाल, गौतम बुद्ध लामा, जीवन लामा, कृष्ण चेपाङ, किरण मान....

बाँकी पृष्ठ ३ मा

## मनहरीको नीति तथा कार्यक्रम

# बालीको न्यूनतम मूल्य तोक्ने



समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले बुधबार बसेको गाउँसभा बैठकमा आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको हो ।

गाउँपालिका शिक्षा तथा स्वास्थ्य क्षेत्रमा पछाडि रहेको छ । गाउँपालिकाले नीति तथा कार्यक्रममार्फत् शिक्षाको अवस्था सुधार गर्न विशेष जोड दिइएको छ । आर्थिक अभावका कारण विद्यालय जानबाट वञ्चित बालबालिका तथा श्रोत अभावका कारण शिक्षक व्यवस्थापन गर्न नसकेका विद्यालयलाई छात्रवृत्ति र अनुदानको व्यवस्था गरिने नीति लिएको छ ।

किसानलाई आवश्यक यन्त्र, उपकरण रोजेर किन्न पाउने, प्लाष्टिक टनेल अनुदान, उत्पादित तरकारी तथा फलफूल भण्डारणका लागि शितभण्डार निर्माण, पशुपालन प्रवर्द्धन गर्न पशु बिमा अनुदान, दुग्ध उत्पादनमा सहयोग र कृत्रिम गर्भाधान सेवा प्रदान गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ ।

### नदीजन्य पदार्थको उपयोग नियन्त्रण चुनौती

स्थानीय आर्थिक श्रोतको रुपमा रहेको नदीजन्य पदार्थको उपयोगमा नियन्त्रण गर्नु मनहरीको मुख्य चुनौती हो । नदी उकास जमिनहरु बाँझो रहनु र यातायातको सहज पहुँच नहुँदा विकासमा माहनरी पछि परेको गाउँपालिकाले जनाएको छ ।

निकुञ्ज र मध्यवर्ती क्षेत्र प्राकृतिक तथा पर्यावरणीय दृष्टिले महत्वपूर्ण रहदाँसमेत विद्यमान कानुनी अस्पष्टताका कारण समस्या भइरहेको छ । वन ऐन अनुकूल नबन्दा जल, जमिन र जंगलमाथिको अधिकारबाट स्थानीय बासिन्दा लाभान्वित नसकेको बताइएको छ । निकुञ्जबाट बस्तीमा भित्रने जंगली जनावर र मानवबिचको द्वन्द्व बढ्दो रहेको छ। खहरेबाट हुने जमिनको कटानले मनहरीमा अर्को चुनौती थपिदिएको छ ।

### गरिबीको दर २५.६१ प्रतिशत

मनहरीमा सुगम भौगोलिक पहुँचको अवसर सदुपयोग गर्दै आर्थिक विकासको माध्यमबाट गरिबीको दर घटाउने प्रवल सम्भावना रहेको छ । गरिबी निवारण र भोकमरी अन्त्य गर्न प्रचुर सम्भावना रहेको मनहरीमा राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार निरपेक्ष गरिबीको दर २५.६१ प्रतिशत रहेको छ ।

मनहरीमा ज्याला मजदुरी गरेर जीविका चलाउने परिवार ३६.२४ प्रतिशत रहेका छन् भने गैरकृषि पेशा (उद्यम, व्यापार र नोकरी) मा १२.४ प्रतिशत रहेका छन्। मनहरीमा साक्षरता दर ७७.७ प्रतिशत, सिपयुक्त दक्ष जनशक्ति २८८ जना रहेका छन्। मनहरीका ६६.९ प्रतिशत घरपरिवारमा खानेपानीको पहुँच पुगेको छ भने ६.२८ प्रतिशत घरपरिवारले मात्र शौचालय प्रयोग गर्ने गरेका छन् ।

### चालु वर्षको प्रगति

मनहरी गाउँपालिकाले चालु आर्थिक वर्षको यस अवधिसम्म पूर्वाधार विकासको क्षेत्रमा कालोपत्रे सडक २ हजार १५७ मिटर, ११ हजार ८५५ मिटर सडक स्लाब ढलान गरिएको छ भने ग्राभेल बाटो निर्माण ६ हजार ९७२ मिटर, नयाँ ट्र्याक निर्माण २४ हजार मिटर गरिएको छ ।

नदी कटान नियन्त्रण गर्न २ हजार ४८६ मिटर (बाटो सहित)को ग्याविन ड्याम निर्माण गरिएको छ । मनहरीमा ६ वटा सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण सम्पन्न भएको छ भने मनहरी अस्पताल भवन निर्माण कार्य २१ प्रतिशत प्रगति भएको छ । निर्माणाधीन ५ वटा पक्की पुलमध्ये ३ वटा सम्पन्न भएको छ भने अन्य २ निर्माण सम्पन्नको अन्तिम चरणमा रहेको छ। लोपोन्मुख वनकरिया समुदायको आयआर्जनमा सघाउन पालिकाले पाडी वितरण गरेको छ ।

### बालीको न्यूनतम मूल्य तोक्ने

मनहरी गाउँपालिकाले आगामी आर्थिक वर्षमा सो क्षेत्रमा उत्पादन हुने मुख्य बालीको न्यूनतम मूल्य तोक्ने भएको छ । माटो परीक्षण प्रयोगशाला स्थापना गरी निःशुल्क माटो परीक्षणको व्यवस्था गर्ने गाउँपालिकाको नीति तथा कार्यक्रम रहेको छ ।

पकेट क्षेत्र, सामूहिक करार खेती, चक्लाबन्दी खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ। सरकारी निजी साझेदारीमा एक कृषि पर्यटन गाउँ स्थापना गर्ने, स्थानीय कच्चा पदार्थको प्रयोग गरी दुना, टपरी, झोला बनाउने तालिम सञ्चालन गर्ने, कोसेली घर निर्माण गरी सञ्चालन गर्ने योजना गाउँपालिकाको रहेको छ ।

रमौली प्रतापपुर क्षेत्रमा पर्यटकीय गतिविधि बढाउन जिप/हात्ती सफारी सञ्चालनका लागि निकुञ्ज क्षेत्रभित्रको बाटो स्तरीकरण गर्न वन मन्त्रालय र निकुञ्जसँग समन्वय गर्ने, होमस्टे पर्यटक प्रणालीको प्रवर्द्धन गर्न रैथाने बालीको उत्पादन, स्थानीय परिकारको खोज तथा प्रबन्ध गर्ने गाउँपालिकाको योजना रहेको छ ।

विस्तृत परियोजना प्रतिवेदन तयार भएका देउकोट भ्युटावर, गोगनपानी भ्युटावर, भिमान शहीदपार्क, वनकरिया होमस्टे, ट्रिहाउसलागयतका पूर्वाधार निर्माण कार्यमा पहल गर्ने, जंगली जीवजन्तु अवलोकन गर्न वडा नम्बर ५ को शिखर बास पिकनिक स्थललाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने, निकुञ्जभित्रको पर्यापर्यटन, कृषि, वन तथा समुदायमा आधारित पर्यटन प्रवर्द्धनका लागि मनहरी पर्यटन विकास समिति बनाई एकीकृत पर्यटन विकास तथा प्रवर्द्धन समिति गठन र परिचालन गर्ने तयारी रहेको छ ।

गाउँपालिकाको गौरवका आयोजनाको रुपमा रहेको रजैया-लामिटार-चकरी-मकरी सडक अन्तर्गत पर्ने ५ वटा पक्की पुलहरु सञ्चालनमा ल्याउने, निर्माणाधीन बस्तीपुर-भुन्द्रुङ, रजैया-दरदरा पुल सम्पन्न गर्ने, क्रमागतरुपमा सञ्चालन भइरहेका लामिटार-चकरी, लोथर-हांगला-फरिवाङ, मनहरी-रुपाचुरी, तीन भंगाले-बालुभञ्ज्याङ हुँदै राक्सिराङ, वनकरिया बस्ती ट्वाङ्ग्रादेखि ज्यामिरेदोभान सडकलगायतका आयोजनाहरुलाई संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा बजेट विनियोजन गर्ने गाउँपालिकाको योजना रहेको छ ।

मनहरी गाउँपालिकाको आवधिक योजना तयार गरी मध्यमकालीन खर्च संरचना, योजना बैंकलगायत तरिकाबाट आयोजना सञ्चालन हुनसक्ने प्रणालीको विकास गर्ने नीति रहेको छ। बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाई संघीय तलबको अतिरिक्त थप ९ हजार रुपैयाँ तलब दिने, प्रथम चौमासिक अवधिभित्र प्रतिस्पर्धात्मक विधिद्वारा प्रधानाध्यापकहरु छनोट तथा नियुक्ति गर्ने, विद्यालयहरुको सुपरिवेक्षणका लागि सीसीटिभी क्यामेरा र ई-हाजिरी जडान गर्ने, प्राथमिकताको आधारमा विद्यालय बसको प्रबन्ध गर्ने, दरबन्दी अपुग भएका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन अनुदान प्रदान गर्ने गाउँपालिकाको नीति तथा कार्यक्रम रहेको छ ।

पूर्ण संस्थागत सुत्केरी भएको गाउँपालिका निर्माण गर्न कार्यक्रम सञ्चालन गर्ने, सुत्केरी महिलाका लागि निःशुल्क एम्बुलेन्सको सुबिधा उपलब्ध गराउने, रुपाचुरी बालभञ्ज्याङ क्षेत्रमा वर्थिङ सेवा सुरु गर्ने, पूर्ण खोपयुक्त गाउँपालिका सुनिश्चितता तथा सबै बालबालिकालाई खोपको पहुँचमा पुऱ्याउन गाउँघर क्लिनिक तथा खोप क्लिनिकलाई प्रभावकारी बनाउने, गर्भवती महिलाहरुको लागि निःशुल्क भिडियो एक्सरे सेवा सबै स्वास्थ्य संस्थाबाट सञ्चालन गर्ने, मनहरी-९ मा स्थापित नागरिक आरोग्य केन्द्रलाई व्यवस्थित गर्ने गाउँपालिकाको नीति तथा कार्यक्रम रहेको छ ।

## बागमती प्रदेशसभा बैठक बस्दै

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभा बैठक आज बिहीबार बस्दैछ। बिहान ११ बजेका लागि प्रदेशसभा बैठक आह्वान गरिएको हो।

बैठकमा प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेटमाथि छलफल प्रारम्भ हुनेछ। बैठकमा प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले बजेटमाथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्नुहुनेछ भने सो प्रस्तावमाथि प्रदेशसभा सदस्यहरुले आ-आफ्नो धारणा राख्नेछन् । बैठकमा सांसदहरुले सरकारको आय-व्यय र राजस्व संकलनको अनुमान (बजेट) माथि छलफल गर्ने कार्यसूची रहेको प्रदेशसभाका सचिव कृष्णहरि खड्काले जानकारी दिनुभयो ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ६४ अर्ब ५४ करोड ४ लाख रुपैयाँको बजेट ल्यएको छ। प्रदेश सरकारले चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्ष २०८१/०८२ बजेट केही वृद्धि गरेको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षको तुलनामा १ अर्ब ८४ करोड रुपैयाँ बढीको बजेट प्रस्तुत गरेको हो ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको कुल बजेटमध्ये चालूतर्फ २६ अर्ब १० करोड १६ लाख रुपैयाँ, पुँजीगततर्फ ३६ अर्ब ९३ करोड ८७ लाख रुपैयाँ र वित्तीय व्यवस्थापनतर्फ १ अर्ब ५० करोड रुपैयाँ विनियोजन गरेको छ ।

## हेटौंडा हुँदै पथलैया पुगेको ट्रकमा गाँजा

समाज संवाददाता

हेटौंडाः हेटौंडा हुँदै बारा जिल्लाको अमलेखगन्ज पुगेको ट्रकमा लागुऔषध गाँजा बरामद भएको छ। बुधबार हेटौंडा हुँदै बाराको पथलैया पुगेको भारतीय ट्रकमा २ सय ७० केजी लागुऔषध गाँजा बरामद भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायव उपरीक्षक दधिराम न्यौपानेका अनुसार ट्रकबाट २ सय ७० केजी लागूऔषध गाँजासहित एक भारतीय नागरिक पक्राउ परेको हुन्। पक्राउ पर्नेमा भारतको थाना रामगढवा, ग्राम धनारदिउली बस्ने १९ वर्षीय अन्तोस कुमार गिरी रहेका छन्। गिरीलाई ईलाका प्रहरी कार्यालय अमलेखगन्जबाट खटिएको प्रहरी टोलीले बारा जिल्लाको जीतपुर-सिमरा उपमहानगरपालिका-२१ अमलेखगन्जबाट पक्राउ गरिएको हो ।

नारायणगढबाट हेटौंडा हुँदै पथलैयातर्फ जाँदै गरेको एनएल ०१ एन ३०६३ नम्बरको ट्रक क्याबिन भित्र बक्स बनाई लुकाई छिपाई राखेका अवस्थामा लागुऔषध गाँजा बरामद भएको हो । लागुऔषध गाँजासहित गिरीलाई नियन्त्रणमा लिई जिल्ला अदालत बाराबाट ७ दिनको म्याद थप गरी थप अनुसन्धान कार्य भईरहेको प्रहरी नायव उपरीक्षक न्यौपानेले बताउनुभयो ।




सम्पादकीय

# न्यून वित्तीय प्रगति

संघीयता कार्यान्वयन भएर देशमा तीन तहको सरकार सञ्चालनमा रहँदा पनि बजेटको परिचालन निराशाजनक बनिरहेको छ । संघ, प्रदेश र स्थानीय तीनै तहको सरकारले सञ्चालन गरेका योजना तथा कार्यक्रमको वित्तीय प्रगति कमजोर बनिरहेको छ । विकास निर्माणका काममा खर्च गर्ने गरी विनियोजित पुँजीगत बजेट खर्च न्यून हुँदा वित्तीय प्रगति कमजोर बनिरहेको हो । आवश्यकता र प्राथमिकताका आधारमा भन्दा पनि पहुँच र राजनीतिक स्वार्थमा बजेट विनियोजन गरिँदा खर्च हुन नसकेको हो । अझ समयमै योजना कार्यान्वयनमा नलैजाँदा योजना तथा कार्यक्रम प्रभावकारी नहुनेमात्र नभई विनियोजित बजेट खर्च हुन नसक्ने अवस्था बनिरहेको छ । सरकारको चालु खर्चको तुलनामा पुँजीगत खर्चका लागि बजेटको आकार साँघुरिँदै गइरहेको अवस्थामा विनियोजित बजेट खर्च हुन नसक्ने र आयोजना तथा कार्यक्रमको वित्तीय प्रगति न्यून हुँदा विकास प्रक्रिया सुस्त बन्दै गएको छ ।

बागमती प्रदेशको राजधानीसमेत रहेको हेटौंडा उपमहानगरपालिकाको चालु आर्थिक वर्षमा सञ्चालन गरेका पूर्वाधार विकास कार्यक्रमको वित्तीय प्रगति ४० प्रतिशतमात्र भएको छ । आर्थिक वर्षको ११ महिना बितिसक्दा पूर्वाधार निर्माणमा विनियोजित बजेटको ४० प्रतिशतमात्र खर्च हुनुले उपमहानगरपालिकाको बजेट परिचालन निकै कमजोर देखिएको छ । चालु आर्थिक वर्ष २०८०/८१ मा पूर्वाधार विकास कार्यक्रमअन्तर्गत् विनियोजित ४९ करोड २६ लाख ६१ हजार रुपैयाँमा १९ करोड ७४ लाख ७५ हजार रुपैयाँमात्र खर्च भएको छ । आर्थिक वर्षको ११ महिनासम्म उपमहानगरले निर्धारित आधाजति योजनामात्र सम्पन्न गरेको छ । चालु आर्थिक वर्षमा सञ्चालित ८ सय ९६ वटा योजनामध्ये जेठ मसान्तसम्ममा ४ सय ९२ वटा सम्पन्न भएका छन् भने ४ सय ४ वटा चालु अवस्थामा छन् । उपमहानगरपालिकाले समयमै योजनाहरु कार्यान्वयनमा ल्याउन नसक्दा आर्थिक वर्षको अन्त्यसम्म पनि विनियोजित बजेट खर्च सन्तोषजनक नहुने देखिएको छ ।

हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि विनियोजन गरेको १ अर्ब २७ करोड ३७ लाख रुपैयाँ पुँजीगत बजेटमध्ये जेठ मसान्तसम्म ६० करोड ८३ लाखमात्र खर्च भएको छ । उपमहानगरपालिकाको ११ महिनासम्मको पुँजीगत खर्चको वित्तीय प्रगति करिब ४८ प्रतिशत देखिन्छ । उपमहानगर पालिकाले चालु खर्चका लागि विनियोजन गरेको १ अर्ब ६२ करोड बजेटमध्ये जेठ मसान्तसम्म १ अर्ब ९ करोड रुपैयाँ खर्च गरेको छ । ११ महिनामा चालु खर्च पनि ६७ प्रतिशतमात्र हुनुले बजेट परिचालन सन्तोषजनक मान्न सकिँदैन । हेटौंडा उपमहानगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ मा विनियोजित बजेटको करिब ७५ प्रतिशत खर्च गर्न सकेको थियो । उक्त वर्ष चालुतर्फ करिब ८५ प्रतिशत र पुँजीगततर्फ ६७ प्रतिशत वित्तीय प्रगति भएको थियो ।

पछिल्लो समय भुक्तानी गर्ने पर्याप्त रकम नहुँदा वित्तीय प्रगति न्यून देखिएको भनिए पनि सरकारको कार्यशैली नै बजेट परिचालनको मुख्य समस्या हुने गरेको छ । समयमै बजेट ल्याएर पारित गरे पनि कार्यान्वयनमा ढिलासुस्ती हुँदा बजेट खर्च गर्न नसक्ने अवस्था बन्ने गरेको छ । आर्थिक वर्षको आधा समय बितिसकेपछि योजना कार्यान्वयनको चरणमा लैजाने परिपाटीले बजेट खर्च निराशाजनक बन्दै गएको हो । संघ तथा प्रदेश सरकारले उपलब्ध गराएका सशर्त तथा समपूरक योजनाको कार्यान्वयनसमेत समयमै हुन सकिरहेको छैन । समयमै योजना सम्पन्न गरेर बजेटको प्रभावकारी कार्यान्वयन नहुँदासम्म विकास निर्माणका काम गुणस्तरीय बन्न सक्दैनन् । यस्तो परिपाटीले आर्थिक वर्षको अन्त्यतिर हतारमा गुणस्तरहीन काम गरी बजेटको दुरुपयोग हुने सम्भावना रहन्छ । समयमै योजना कार्यान्वयनमा लगेर प्रभावकारीरुपमा बजेट परिचालन गर्न सकेमा वित्तीय प्रगति वृद्धि गर्न सकिन्छ । समयमा बजेट खर्च नहुँदा सुरु गरिएका काम पूरा नहुने, आयोजना निर्माणमा विलम्ब हुने र लागत पनि बढ्नेतर्फ उपमहानगर नेतृत्वको ध्यान जानु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : बौद्धिक कार्यक्षमताले मन आकर्षण होला ।
**वृष** : शेयर कारोबारका काममा लगानी बढ्ने योग छ ।
**मिथुन** : सामाजिक र परोपकारी काममा सरिक भइने छ ।
**कर्कट** : सामाजिक र धार्मिक यात्रा योग रहेको छ ।
**सिंह** : खानपानमा नयाँ स्वाद प्राप्त हुने समय छ ।
**कन्या** : आर्थिक पक्ष बाधक बन्ने समयको योग रहको छ ।
**तुला** : कुरा काट्नेहरु चुप लागेर बस्ने समयको योग रहेको छ ।
**वृश्चिक** : पढाइ–लेखाइ मध्यमकारक रहने समयको योग रहेको छ ।
**धनु** : कर्मप्रति समर्पित भइने समयको योग रहेको छ ।
**मकर** : शारीरिक अस्वस्थतामा कमी आउने समय छ ।
**कुम्भ** : सामाजिक एवं धार्मिक कृत्यमा लाग्दा राम्रो ।
**मीन** : अध्ययन–अध्यापनका क्षेत्रमा निराशा बढ्न सक्छ ।

# अर्थतन्त्रमा जनसंख्या वृद्धिदरको असर

**विनोदकुमार गुप्ता**



राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालमा ७५ लाखभन्दा बढी घर छन्, जसमध्ये ६ प्रतिशतभन्दा बढी अर्थात् ४ लाख ७२ हजार घर बसोबासविहीन रहेका छन् । अर्थात् ती घरमा कोही बसोबास गरिरहेका छैनन् । पहिला गाउँघर रित्तिने क्रम पूर्वी र मध्यपहाडतिर मात्र रहेकोमा अब यो पश्चिम र सुदूर पश्चिमतर्फ पनि फैलिँदो अवस्थामा छ । २०५८ सालको राष्ट्रिय जनगणनाअनुसार एकमात्र जिल्लाको जनसंख्या घटेकोमा २०७८ को जनगणनामा २४ जिल्लाको जनसंख्या घटेको छ ।

जनसंख्याविद्हरूका अनुसार पहाडी तथा हिमाली भेगमा एउटै परिवारको एकभन्दा बढी घर हुने र मौसमअनुसार बसाइ हुने भएकाले अनि गोठ, मचानजस्ता पूर्वाधारलाई समेत घरको रुपमा हेरिने भएकाले बसोबासरहित घरको संख्या बढेको हुन सक्छ । जेजसो भए पनि एकैपटक यति ठूलो संख्यामा घर रित्तो हुनु देशका लागि राम्रो होइन । शिक्षाको विस्तारले मानिसको चाहना बढ्दै गएको अनुपातमा देशमा रोजगारीको उपलब्धता नहुनुका साथै स्थानीय स्तरमा रोजगारी उपलब्ध नहुनु, भएको स्रोतसाधन उपयोग हुन नसक्नुजस्ता कारणले मानिसहरु गाउँको घरमा ताल्चा मारेर सहर वा विदेशतिर जाने गरेको अवस्थाले घर खाली हुने स्थिति सिर्जना भएको मान्न सकिन्छ ।

पहुँच तथा रोजगारीका कारण घर बसोबासरहित भएको चर्चा भइरहँदा गत १४ जनवरीमा 'द राइजिङ नेपाल' मा प्रकाशित एउटा समाचारका अनुसार रुकुममा दुई-चार वर्षअगाडिसम्म डिसेम्बर सम्म गाउँ हिउँले ढाकिएको हुन्थ्यो । तर, यस वर्ष जनवरी लाग्दासम्म न हिउँ, न पानी पऱ्यो । जसले गर्दा अक्टोबरमा छरिएको जौ र गहुँ बाली उम्रनै सकेन । उच्च पहाडी भेगमा सामान्य हिउँ परेको वर्ष बालीनाली राम्रो हुने र हिउँ नपरेको वर्ष बालीनाली नसप्रिने विगतको अनुभव छ । विगत तीन-चार वर्षदेखि लगातार हिउँ नपरेकाले पानीको स्रोतसमेत सुक्न थालेको छ ।

वातावरणीय असन्तुलनका कारण गर्दै नगरेको अपराधको सजाय हामीले पाएजस्तो भएको छ । यस किसिमको त्रास पहाडमा मात्र नभई कृषिकर्ममा आश्रित मधेसमा पनि छ । यस किसिमका घटनाक्रमले देशको अर्थतन्त्र र विकासमा के असर पर्छ भनेर हेर्दा नेपाल राष्ट्र बैंकको चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षाअनुसार पाँच महिनामा नेपालबाट भ्रमणका लागि ७५ अर्ब ७३ करोड र अध्ययनका लागि ४७ अर्ब ३४ करोड गरी कुल १ खर्ब २३ अर्ब रुपैयाँ बाहिरिएको छ ।

गत वर्षको सोही अवधिमा भ्रमणका लागि ४७ अर्ब ४८ करोड र अध्ययनका लागि २८ अर्ब ८० करोड गरी कुल ७६ अर्ब २८ करोड रकम मात्र बाहिरिएको थियो । सोही अवधिमा नेपालको निर्यात ६२ अर्ब र पर्यटक भ्रमणबाट ३३ अर्ब ९४ करोड मात्र आम्दानी भएको छ । यसका साथसाथै रेमिटेन्स आम्दानी बढ्दो छ, जसले देशको अर्थतन्त्र धानेको मानिन्छ । तर, रोजगारीका लागिभन्दा डाक्टर, इन्जिनियर एवं धनाढ्यहरु युरोप, अमेरिका, अस्ट्रेलिया, क्यानडा र बेलायतमा काम गर्न जाने र उतै बस्ने प्रवृत्ति बढ्दै गइरहेको छ । यो संख्या यसरी नै बढ्ने सम्भावना देखिन्छ, किनभने नेपालमा जतिसुकै दुहाइ दिए पनि उचित अवसरको व्यवस्था सरकारले गर्न सकेको छैन ।

अब केही गरी यो रकम रेमिटेन्सको बराबरी वा बढी हुन जाने अवस्थामा थप आर्थिक संकट नआउला भन्न सकिँदैन । अहिले ६० लाख युवा विदेशमा छन् । उनीहरुले पठाएको धनको अधिकांश रकम घरजग्गा, गरगहना र दैनिक उपयोगमा खर्च भइरहेको छ । उत्पादनशील क्षेत्रमा यसको लगानी हुन सकेकै छैन । छिटो फर्कनेहरु त देशमा आएर सानै भए पनि उद्यम गर्लान्, तर लामो समय खाडीमा बसेर बूढो भई आउनेहरू पछि घरमा बस्ने र खेतीयोग्य जग्गामा भर पर्नुबाहेकको विकल्प हुँदैन । आउँदा दिनमा तिनका सन्ततिले खाडीमा गएर कमाएर पठाइदेलान् भन्ने आस पनि गर्न सक्ने अवस्था छैन, किनभने हाल नेपालको जनसंख्या वृद्धिदर जम्मा ०.९३ प्रतिशत मात्र छ ।

हाल ६० लाख अविवाहित वा विवाहित युवायुवती पतिपत्नीसँग टाढा भएकाले जन्मान्तरको कारण जनसंख्या वृद्धिदर कम भएको स्पष्ट हुन्छ । खाडीमा कमाएको पैसाबाट छोराछोरीलाई राम्रो शिक्षा दिन सकेको परिवारबाहेकका बच्चाहरु मात्र खाडीमा जान रुचाउनेछन्, जसले गर्दा रेमिटेन्स सधैं यही स्तरमा कायम रहने सम्भावना हुँदैन । नेपालीको औसत आयुमा वृद्धि हुनुका साथै ज्येष्ठ नागरिकको संख्या ५ प्रतिशतबाट बढेर ११ पुगेको छ । यसबाट स्पष्ट हुन्छ, सन् २०५० सम्ममा नेपाल वृद्धवृद्धाको देश हुनेछ । मानिसको पारिवारिक जीवनचक्रलाई जन्मदेखि स्कुल शिक्षा, कलेजियट, ब्याचलर्स, हनिमुनर्स र प्यारेन्टल भनी पाँच अवस्थामा विभाजित गरिएको छ ।

आर्थिक कारोबारका हिसाबले ब्याचलर्सले स्वयं आफ्नो लागि, हनिमुनर्सले बच्चा नभएसम्म पत्नीका लागि र प्यारेन्टलले बच्चाहरूका लागि आफ्नो कमाइ खर्च गर्ने गरेको पाइन्छ । अब जनसंख्या वृद्धिदर ०.९३ प्रतिशत मात्र रहेको अवस्थामा स्कुल जाने बालबालिकाको संख्यामा भारी कमी आउँछ, जसले गर्दा विद्यालयको संख्या, किताब-कापी, कपडा, जुत्ता उद्योगको व्यापार, खाजा, उद्योगजस्तै चाउचाउ, बिस्कुट, केक उत्पादन गर्ने उद्योगको व्यापारमाथि यसको प्रत्यक्ष दुष्प्रभाव पर्ने देखिन्छ । युवायुवती विदेश पलायन हुन थालेपछि नेपालका कलेजले भोग्नुपरेको विद्यार्थी नपुग्ने समस्या अब बिस्तारै माध्यमिक हुँदै आधारभूत तहमा समेत देखा पर्ने निश्चित भएको छ ।

पारिवारिक जीवनचक्रको यस समूहमा सबैभन्दा बढी खर्च हुने गरेको छ र त्यही समूहको जनसंख्या घट्ने क्रममा छ । यसै कारणले गर्दा बजारले गति लिन सकेको छैन । सरकारले आफ्नो नीति परिवर्तन गरेर विकास निर्माणका काम सडक, पुल, विद्युत्, रेल सेवाजस्ता आयोजनामा बजेट कार्यान्वयनमा वृद्धि गरेको खण्डमा केही हदसम्म आर्थिक गतिशीलता र बजार सक्रिय हुने अपेक्षा गर्न सकिन्छ । सन् १९९६ देखि २०१२ सम्ममा जन्मेका ११ वर्षदेखि ३० वर्ष उमेर समूहको जनसंख्या ३४ देखि ३५ प्रतिशत छ । यस समूहका ५० प्रतिशतले दैनिक ८ घण्टा र ३० प्रतिशतले दैनिक ४ घण्टासम्म सामाजिक सञ्जालमा बिताउने गरेका छन् ।

विश्वको रहनसहन तथा विकास हेरेर आफ्नो अवस्थासँग तुलना गर्दा नेपालमा बसेर खोजेको जीवनशैली प्राप्त नहुनेमा ढुक्क रहेका युवायुवतीले आगामी दिनमा समेत यो क्रम जारी राख्नेछन् । आर्थिक रूपले सक्रिय जीवन विदेशमा बिताई नेपाल फर्केका युवायुवतीहरू सन् २०५० सम्ममा बुढेसकालमा प्रवेश गर्नेछन् । आफ्नो आर्थिक भविष्य सुरक्षित गर्न नेपालमा कृषिक्षेत्रबाट प्राप्त उत्पादनको बजारीकरण, मनोरञ्जन क्षेत्र र धार्मिक पर्यटन क्षेत्रमा मात्र लगानी गर्नु उपयुक्त देखिन्छ, जसका लागि सरकारले मनोरञ्जन, धार्मिक, पर्यटन तथा कृषिक्षेत्रको नीतिमा परिवर्तन गर्न आवश्यक छ ।

नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको पाँच महिनामा रेमिटेन्स आय गत वर्षभन्दा २५.३ प्रतिशतले बढेर ७३३.२२ बिलियन पुगेको छ भने व्यापार घाटा ६९३.२० बिलियन पुगेको छ । विकासशील देशहरूका लागि प्रविधि, कच्चा पदार्थलगायत उत्पादनमा प्रयोग हुने उपकरणलगायतका सामग्री आयात बढेर देखिएको व्यापार घाटालाई राम्रो नै मानिन्छ, तर नेपालको व्यापार घाटाको विश्लेषण गर्दा पुँजीगत वस्तुको अंश ८.७७ प्रतिशत, अर्धतयारी तथा पूर्ण तयारी वस्तुको अंश ४९.२० प्रतिशत र उपभोग्य सामग्रीको अंश ४२.१० प्रतिशत रहेको छ, जुन हाम्रो अर्थतन्त्रका लागि राम्रो होइन ।

यसका साथै बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गरेको क्षेत्रगत कर्जा पनि उत्साहजनक छैन । कर्जा प्रवाहको ८ प्रतिशत उत्पादन क्षेत्रमा, १.१० प्रतिशत कृषि क्षेत्रमा, २ प्रतिशत थोक एवं खुद्रा व्यापार र ४.५० प्रतिशत सेवा क्षेत्रतर्फमा मात्रै रहेको छ । आयातको तुलनामा निर्यात ९ प्रतिशतमा सीमित छ, वैदेशिक लगानी ४.५३ बिलियनको मात्र छ भने पर्यटन क्षेत्र कोभिडको मारबाट भर्खर सप्रिँदै छ । कुल गार्हस्थ्य उत्पादनमा उद्योगको योगदान सन् २००० देखि क्रमशः घट्दै आएको छ । सन् २००० मा कुल गार्हस्थ्य उत्पादनमा उद्योगको योगदान ९.०३ प्रतिशत रहेकोमा सन् २०२३ मा ५ प्रतिशत हुँदै २०२४ मा ४.५७ प्रतिशतमा झरेको छ ।

यस अवस्थामा आन्तरिक आर्थिक स्थिति बिस्तारै राम्रो हुँदै छ भन्नु आत्मरतिबाहेक अरू केही होइन । स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार सहित उद्योग-व्यापारमा संलग्न सबै वर्गले बिदेसिने युवायुवतीलाई ध्यानमा राखेर नीतिनियममा सुधार गर्दै उद्योग-व्यापार गर्न आवश्यक छ । माथिको डाटाबाट के स्पष्ट हुन्छ भने सरकार रेमिटेन्समा मस्त छन् भने युवाहरू विदेशमा तथा आउने दिनमा विद्यालय खाली हुँदा सबै क्षेत्रका आर्थिक गतिविधि खाली हुन्छ र देशमा आर्थिक संकट थपिन्छ ।

*(लेखक वीरगन्ज कलेजका क्याम्पस प्रमुख हुन् । स्रोतः कारोबारदैनिक)*

# अटिजम भएका बालबालिकाका अभिभावकले ध्यान दिनैपर्ने ४ कुरा

अटिजमलाई मेडिकल भाषामा अटिजम स्पेक्ट्रम डिसअर्डर भनिन्छ । यो एक विकाससम्बन्धी विकार हो । जसकारण प्रभावित व्यक्तिलाई बोल्न, पढ्न, लेख्न र सामाजिक बनाउन कठिनाइ हुन्छ । अटिजम यस्तो अवस्था हो, जसमा यसबाट पीडित व्यक्तिको मस्तिष्कले अन्य व्यक्तिको मस्तिष्कभन्दा फरक ढंगले काम गर्छ ।

अटिजमबाट पीडित व्यक्ति पनि एकअर्का भन्दा फरक हुन्छन् । यसको मतलब अटिजमका विभिन्न बिरामीले फरक-फरक लक्षण अनुभव गर्न सक्छन् । तसर्थ, आमाबाबुले यसको बारेमा केही कुरा जान्नैपर्छ ।

### सबैभन्दा पहिले अटिजमको बारेमा बुझ्नुहोस्

आमाबाबुका लागि सबैभन्दा पहिले अटिजमको बारेमा बुझ्नु जरुरी हुन्छ । सबैभन्दा पहिले अटिजम के हो र यसले बालबालिकालाई कसरी असर गर्छ भन्ने कुरा जान्नुपर्छ । अभिभावकलाई यसको लक्षण र कारण दुवै थाहा हुनुपर्छ । यसबाट बालबालिकामा हुने यो समस्या सजिलै पत्ता लगाउन सकिनेछ । यस्तो अवस्थामा उनीहरूको व्यवहारमा पनि ध्यान दिनुपर्छ । आमाबाबुले बच्चाको अभिव्यक्ति र व्यवहारबाट बच्चा कुनै रोगबाट पीडित छ भनेर बुझ्नुपर्छ ।

### लक्षण पहिचान गर्नुहोस् (प्रारम्भिक लक्षण र निदान)

आमाबाबुले अटिजमका लक्षणबारे सचेत हुनुपर्छ, ताकि उनीहरूले आफ्ना बच्चामा रहेको समस्याको भविष्यवाणी गर्न सकुन् । बालबालिकामा हुने यो समस्या छिट्टै पत्ता लागेमा निको हुन सजिलो हुन्छ । सुरुमा बालबालिकाको बोल्ने क्षमता कम हुनसक्छ कि ढिलो बोल्न वा कुनै कुरा बुझ्न धेरै समय लाग्न सक्छ ।

अटिजमबाट प्रभावित बालबालिका अन्य बालबालिकासँग घुलमिल हुन सक्दैनन् । खेलकुदमा रुचि वा सहभागिताको कमी देखाउँछन् । एक्लै वा चुपचाप एकै ठाउँमा घण्टौं बस्न रुचाउँछन्, एउटै कुरामा ध्यान केन्द्रित गर्ने वा एउटै कुरा बारम्बार गर्ने गर्छन्, कुराकानीको क्रममा अर्को व्यक्तिले भनेका प्रत्येक शब्द दोहोऱ्याउने लगायत लक्षण देखाउन सक्छन् ।

### अटिजमका कारक

अटिजमको कारणका साथै यसलाई ट्रिगर गर्ने जोखिम कारकबारे जान्नुपर्छ । सामान्यतया, यदि परिवारमा अटिजमसँग सम्बन्धित कुनै इतिहास छ भने यो सम्भव छ कि यो बच्चालाई पनि हुने सम्भावना हुन्छ ।

पहिले नै अटिजम भएको बच्चा भएका अभिभावकका छोराछोरी, समय भन्दा पहिले जन्मिएका बच्चाहरू, कम तौल भएका बच्चा, वृद्ध आमाबाबुका छोराछोरी गर्भावस्थाको समयमा लिइएका केही औषधिहरूको साइड-इफेक्ट भएमा यी बालबालिकामा अटिजमको जोखिम बढी हुन्छ ।

### उपचार

चिकित्सकहरूका अनुसार अटिजमको उपचार अहिलेसम्म पत्ता लागिसकेको छैन । यसको मुख्य उपचार भनेको थेरापी नै हो । व्यवहार थेरापी सबैभन्दा राम्रो हुन्छ । त्यसैले अभिभावकले यससम्बन्धी थेरापी लिनु आवश्यक छ । अटिजम भएका बालबालिकालाई फिजियोथेरापी, स्पिच थेरापी, अकुपेसनल थेरापी, संगीत चिकित्सा, कला थेरापी, व्यवहार थेरापी, प्राकृतिक चिकित्सा थेरापी आदि दिन सकिन्छ । यस्ता थेरापीबाट अटिजम भएका बालबालिकाको शारीरिक तथा मानसिक क्षमताको विकास हुने, उनीहरू रमाउने र खुसी हुने, उनीहरूलाई आराम दिने र यसका कारण उनीहरूमा रोगप्रतिरोधात्मक क्षमताको पनि विकास गर्न मद्दत पुग्छ । अटिजमका लक्षण व्यक्तिपिच्छे फरक-फरक हुने भएकाले प्रत्येक व्यक्तिलाई विशेष उपचार दिएर मात्र राम्रो नतिजा हासिल गर्न सकिन्छ ।

*(स्रोतः अनलाईनखबर)*

# एकैदिन ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको २ जिल्लामा एकैदिन ४ जनाको मृत्यु भएको छ। प्रदेशको धादिङ जिल्लामा एकैदिन ३ जना र काभ्रेपलाञ्चोक जिल्लामा १ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। धादिङ जिल्लाको धुनिवेशी नगरपालिका-५, फुरौलमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा उदयपुर जिल्लाका ३५ वर्षीय दिलिप राउत रहेको प्रहरीले जानकारी दिएको छ। मंगलबार स्थानीयको घरमा विद्युत जडान गर्ने क्रममा करेन्ट लागेर मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका-५, जनगाउँमा भिरबाट लडेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ४८ वर्षीय सूर्य बहादुर घले रहेको प्रहरीले जानकारी दिएको छ। मंगलबार दिउँसो ४ बजेर ३० मिनेटको समयमा घले सीतापधेरो सामुदायिक वनमा घाँस काट्ने क्रममा भिरबाट लडेर घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

धादिङ जिल्लाको गजुरी गाउँपालिका-१, सुन्दरगाउँमा रुखको हाँगाले लागेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ६० वर्षीय हीरालाल विश्वकर्मा रहेको प्रहरीले जानकारी दिएको छ। मंगलबार कट्टुखोला भन्ने ठाउँमा खानेपानीको पाईप बनाउने क्रममा अचानक रुखको हाँगा भाचिएर लाग्दा हीरालालसहित ६२ वर्षीय पूर्ण बहादुर विश्वकर्मा घाइते भएका थिए। घाइते दुबैलाई उपचारका लागि गजुरी अस्पताल गजुरी लगिएकोमा उपचारको क्रममा हीरालालको मृत्यु भएको र पूर्ण बहादुरको सोही अस्पतालमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ।

काभ्रेपलाञ्चोक जिल्लाको काभ्रेपलाञ्चोक नमोबुद्ध नगरपालिका-७, भकुण्डे बुद्धचोकमा बोलेरोले ठक्कर दिँदा पैदलयात्रीको मृत्यु भएको छ। मृत्यु हुनेमा ८४ वर्षीय सेरब लामा रहेको प्रहरीले जानकारी दिएको छ। मंगलबार राती ९ बजेर ४५ मिनेटको समयमा भकुण्डेबाट कटुन्जेतर्फ जाँदै गरेको बा १० च २४९६ नम्बरको बोलेरो गाडिले ठक्कर दिँदा लामा घाईते भएका थिए। घाइते लामालाई उपचारका लागि धुलिखेल अस्पताल लगिएकोमा उपचारका क्रममा मंगलबार राती ११ बजे डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

# मुक्तक प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौंडाः आगामी असार १४ गते विद्यालयस्तरीय खुला मुक्तक प्रतियोगिता हुनेभएको छ। मुक्तक मञ्च मकवानपुरको आयोजना तथा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडाको सहयोगमा विद्यालयस्तरीय खुला मुक्तक प्रतियोगिता हुने भएको हो।

मंगलबार विभिन्न विद्यालयहरुमा विद्यार्थीहरुलाई प्रतियोगितामा सहभागी गराउनका लागि सूचना प्रकाशन गरिएको मञ्चका अध्यक्ष सागर तिमल्सिनाले जानकारी दिनुभएको छ। प्रतियोगितामा मकवानपुरको विभिन्न विद्यालयहरुका विद्यार्थीहरुले सहभागिता जनाउन पाउने अध्यक्ष तिमल्सिनाले बताउनुभयो।

प्रतियोगितामा सहभागी हुने विद्यार्थीहरुले असार १० गतेभित्र वडा कार्यालय, किताबघर र गुडविल कम्प्युटरमा मुक्तक बुझाउनुपर्ने बताउनुभयो। विद्यार्थीहरुले पठाएको मुक्तकबाट प्रतियोगिताका लागि छनोट समितिले छनोट गर्नेछ।

प्रतियोगितामा विभिन्न विद्यालय र कलेजबाट ८ कक्षादेखि १२ कक्षासम्मका विद्यार्थीहरु सहभागी हुन पाउने उहाँले बताउनुभयो। सहभागी हुने विद्यार्थीहरुले यसअघि कुनै पनि स्थानीय पत्रिका एवम् अनलाइन पत्रिकामा सार्वजनिक नभएको मुक्तक बुझाउनुपर्ने उहाँको भनाइ छ। प्रतियोगिताका लागि छनोट भएका विद्यार्थीहरुले असार १४ गते हेटौंडा-४ स्थित रोयल पार्टी प्यालेसमा मुक्तक बाचन गर्नुपर्नेछ। वाचन शैली र अन्य आधारमा नतिजा सार्वजनिक गरिने जनाइएको छ। प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेहरुलाई क्रमशः ३ हजार रुपैयाँ, २ हजार रुपैयाँ, एक हजार रुपैयाँ र सान्त्वना हुने दुई जनाले ५-५ सय रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन्। विद्यार्थीहरुले मुक्तकलाई इमेलमार्फत् पनि पठाउन सक्नेछन्। प्रतियोगितामा सहभागी हुने विद्यार्थीहरुले सहभागीको प्रमाणपत्रसमेत प्राप्त गर्नेछन्।

## समाजवादीका...

बल, किशोर बर्तौला, टङ्क मोक्तान, रामकुमार एलन, सानुकाजी गोपाली, समीर श्रेष्ठ, यादव बर्तौला, सगुन स्याङतान, कृष्ण तामाङ रहेका छन्। यस्तै, दलित तर्फ एम मिजार रहेका छन् भने युवातर्फबाट अरुण बर्तौला, महिला तर्फबाट बेगम बराल, जुना देवी श्रेष्ठ मल्ल, लक्ष्मीकुमारी रुम्बा रहेका छन्। यस्तै, ट्रेड युनियन महासंघबाट नारायणप्रसाद अधिकारी र राष्ट्रिय उद्योगी व्यवसायी महासंघबाट रजनी तिवारी प्रतिनिधीमा छनौट भएका छन्। पार्टीको केन्द्रीय कमिटीमा रहेकाहरु महाधिवेशनमा स्वतः प्रतिनिधी हुने व्यवस्था अनुसार स्थायी कमिटी सदस्य ललितकुमार बस्नेत, विरोध खतिवडा, पोलिटब्युरो सदस्य घनप्रसाद गौतम, केन्द्रीय सदस्यहरु मुनु सिग्देल, गोमा तिमल्सिना, रामचन्द्र बल, मीनाकुमारी लामा, राजाराम स्याङ्तान र गोविन्दराम चेपाङ प्रतिनिधीका रुपमा स्वतः रहने छन्।

सुनौलो भविष्य स्वास्थ्य सहकारी संस्थाद्वारा संचालित

मकवानपुर सहकारी अस्पताल

हेटौंडा-१, भिन्तुनापथ

MCH

सिलबन्दी दरभाउपत्र आह्वानको सुचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०३/०६ गते

यस अस्पताललाई आ.व.२०८१/०८२ का लागि तपसील बमोजिमको विभिन्न सामानहरु खरिद गर्नुपर्ने भएकोले स्वीकृत प्राप्त व्यावसायिक फर्म तथा सप्लायर्सले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र अस्पतालको लेखा शाखामा रु. १,०००/- (एक हजार मात्र) बुझाई दरभाउपत्र खरीद गरी आठौं दिन दिउँसो १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं | विज्ञापन नं | सामग्री विवरण |
|---|---|---|
| १ | MCH2081/082-01 | सर्जिकल सामग्री |
| २ | MCH2081/082-02 | ल्याव केमिकल |
| ३ | MCH2081/082-03 | छपाई सामग्री |
| ४ | MCH2081/082-04 | सरसफाई सामग्री |
| ५ | MCH2081/082-05 | स्टेशनरी सामग्री |

सम्पर्क

मकवानपुर सहकारी अस्पताल

हेटौंडा-१, भिन्तुनापथ

०५७-५२६५८७/५२३४८७

# कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय, कान्तिराजपथ मकवानपुरको ३५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८१/३/१/७

यस बैंकबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राइटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मन्जुरीनामा दिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

**तपशिल**

क.सं. १

कर्जा ग्राहकको नाम : लिला बहादुर भ्लोन
ठेगाना : मकवानपुरगढी-५, सोलिथुम
नागरिकता नं./जारी भएको जिल्ला र मितिः ३१९८ मकवानपुर २०४२/११/०६
ग्राहकको पिता/पतिको नाम : सुकु बहादुर भ्लोन
बाजेको नाम : लालमान
उद्देश्य : सरल कृषि कर्जा
साँवा रकम रु. : ७,००,०००/-
मिति २०८१ बैशाख मसान्तसम्मको ब्याज : ५०,०००/-
जम्मा तिर्नुपर्ने रकम : ७,५०,०००/-
कैफियत/मि.नं. : १६२४०
धितो मञ्जुरी दिनेको नामः धितो जग्गा कर्जा ग्राहकको नाउँमा दर्ता कायम छ।

क.सं. २

कर्जा ग्राहकको नाम : दिपु गोले
ठेगाना : बसामाडी-५, सरस्वती
नागरिकता नं./जारी भएको जिल्ला र मितिः ५१/३३९१६ मकवानपुर २०६३/०१/२४
ग्राहकको पिता/पतिको नाम : बसन्त बहादुर थिङ/रोशन गोले
बाजेको नाम :
उद्देश्य : घरायसी कर्जा
साँवा रकम रु. : १५,००,०००/-
मिति २०८१ बैशाख मसान्तसम्मको ब्याज : १,६०,०००/-
जम्मा तिर्नुपर्ने रकम : १६,६०,०००/-
कैफियत/मि.नं. : १५५४०
धितो मञ्जुरी दिनेको नामः धितो जग्गा कर्जा ग्राहकको नाउँमा दर्ता कायम छ।

क.सं. ३

कर्जा ग्राहकको नाम : रिजन एकीकृत कृषि तथा पशुपंक्षी फार्म
ठेगाना : हेटौँडा उपमहानगरपालिका-११, तल्लोताल
उद्देश्य : पशुपंक्षीपालन कर्जा
साँवा रकम रु. : ४०,००,०००/-
मिति २०८१ बैशाख मसान्तसम्मको ब्याज : ७,६०,०००/-
जम्मा तिर्नुपर्ने रकम : ४७,६०,०००/-
कैफियत/मि.नं. : १७०९१
फर्म/कम्पनिको दर्ता नं. १८९५/८९९/०७६/०७७, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, दर्ता मितिः २०७६/०४/०१ पान नं. ३००८८४४०४१, पान दर्ता मितिः २०५९/०८/१५
प्रोप्राइटर/साझेदार/सञ्चालकको नामः रामेश्वर बर्तौला
ठेगानाः हेटौँडा उपमहानगरपालिका-११, तल्लोताल
नागरिकता नम्बरः २६/१७६
जारी भएको जिल्ला र मितिः मकवानपुर २०५४/०४/१२
बाबुः चेतनाथ बर्तौला
बाजे : कृष्णप्रसाद।

क. सं. ४

कर्जा ग्राहकको नाम : सीताकुमारी अधिकारी
ठेगानाः हेटौँडा-५, सानोपोखरा
नागरिकता नं./जारी मिति/जिल्लाः ४८१/मकवानपुर/२०५१/०९/१२
ग्राहकको पीता/पतिको नामः दामोदर ढकाल/तीर्थप्रसाद अधिकारी
उद्देश्य : घरायसी कर्जा
साँवा रकम रु. : १९,००,०००/-
मितिः २०८१ बैशाख मसान्तसम्मको व्याज : ३,१०,०००/-
जम्मा तिर्नुपर्ने रकम : २२,१०,०००/-
कैफियत/मि.नं.: १५२२४

क.सं. ५

कर्जा ग्राहकको नामः हेटौँडा एग्रो फार्म प्रालि
ठेगानाः सिस्नेरी गाविस-३, सिस्ने, मकवानपुर
उद्देश्य : सहुलियत कर्जा
साँवा रकम रु. : ९२,२५,०००/-
मिति २०८० चैत मसान्तसम्मको व्याज साँवा भा.ना.: ६,७०,०००/-
जम्मा तिर्नुपर्ने रकमः ९८,९५,०००/-
कैफियत/मि.नं.: १७४९०
प्रोप्राइटर/साझेदार/सञ्चालकहरु
नामः दिनेश कुमार गोले
ठेगानाः हेटौँडा-१३, मकवानपुर
नागरिकता नं.: ४३/१४६
जारी भएको जिल्ला र मितिः मकवानपुर, २०५४/०८/२९
बाबुः गणेश बहादुर गोले

धितो मञ्जुरी दिने
नामः सरस्वती गोले
ठेगानाः हेटौँडा-१३, मकवानपुर
नागरिकता नं. २३६३
जारी भएको जिल्ला र मितिः ललितपुर, २०५६/०१/२२
पतिः दिनेश कुमार गोले
पीताः सेते मोक्तान

क.सं. ६

कर्जा ग्राहकको नामः आकृमा कृषि तथा पशुपंक्षी फार्म
ठेगानाः भीमफेदी गाउँपालिका-३, सादिकुना
उद्देश्यः सरल कृषि कर्जा
साँवा रकम रु.: ४,००,०००/-
मितिः २०८१ बैशाख मसान्तसम्मको व्याजः ७५,०००/-
जम्मा तिर्नुपर्ने रकमः ४,७५,०००/-
कैफियत/मि.नं.: १७३९०
प्रा.फ.र. नं.: १९४/१५९/०७८/०७९, दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दर्ता मिति : २०७८/०४/२८/५ पान नं. : ६१६३५०८६५ पान दर्ता मिति : २०७८/०४/२८
प्रोप्राईटर/साझेदार/संचालकहरु
नामः सुनमाया योञ्जन दोङ
ठेगानाः भीमफेदी-३, सादिकुना
नागरिकता नं.: ३१/०१/७५/०५८०७
जारी भएको जिल्ला र मिति : मकवानपुर २०७५/०६/०७
बाबु/आमा बीर बहादुर योन्जन/काईलीमाया योञ्जन
पतिः मोहन सिं दोङ
धितो मञ्जुरीनामा दिने
नामः राम सिं दोङ
ठेगानाः भीमफेदी-३, सादिकुना
नागरिकता नं.: १९९३
जारी भएको जिल्ला र मितिः मकवानपुर, २०४४/१२/१०
बाबु/पतिः अजाय सिं दोङ
बाजे/ससुराः प्रताप सिं

**कृषि विकास बैंक लि.**

**प्रदेश कार्यालय वीरेन्द्रनगर, चितवन**

## प्रदेश युवा नमुना संसद अभ्यास सुरु

# युवालाई राजनीतिको मूलधारमा ल्याउनुपर्छः आर्थिक मामिलामन्त्री थपलिया



*उद्घाटनसत्रलाई सम्मोधन गर्नुहुँदै बागमती प्रदेशका आर्थिक ममिला तथा योजना मन्त्री जगन्नाथ थपलिया ।*

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले राजनीतिको मूलधारमा युवालाई ल्याउनुपर्ने बताउनुभएको छ । पछिल्लो समय युवामा राजनीतिप्रति वितृष्णा बढ्दै गएकाले उनीहरुको प्रतिनिधित्व सुनिश्चितता गरेर अघि बढ्नुपर्ने मन्त्री थपलियाले बताउनुभयो ।

बागमती प्रदेश युवा परिषद्ले बुधबार हेटौँडामा आयोजना गरेको प्रदेश युवा नमुना संसद अभ्यास कार्यक्रमको उद्घाटन गर्नुहुँदै मन्त्री थपलियाले स्पष्ट विचार र सिद्धान्तसहित राजनीतिमा युवाको सहभागिता वर्तमान आवश्यकता भएको बताउनुभयो । युवा जोश जाँगरलाई राजनीति र विकास निर्माणमा प्रयोग गर्नुपर्ने उहाँको भनाई छ । ‘राजनीतिको मूलधारमा युवाको प्रतिनिधित्व आवश्यक रहन्छ । विचार, सिद्धान्तमा स्पष्टतासहित युवालाई राजनीतिमा आकर्षित गर्नुपर्ने हुन्छ’, उहाँले भन्नुभयो ।

युवा शक्तिको परिचालनबाट नै मुलुकको समृद्धि सम्भव रहेकाले पहिचान र मौलिकतासहितको विकासका काममा युवाहरुको प्रत्यक्ष संलग्न हुनुपर्ने उहाँले बताउनुभयो । ठोस लक्ष्य र उद्देश्यका साथ सरकारले युवालाई परिचालनको रणनीति निर्माण गरेर काम गर्नुपर्ने मन्त्री थपलियाको भनाइ थियो । उहाँका अनुसार प्रदेश सरकारले युवाको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरु अघि सारेको छ । प्रदेश सरकारले उद्यमशीलाता विकासका लागि युवा परिचालनको मोडल निर्माणका लागि छुट्टै संरचना निर्माण गरेर अघि बढेको उहाँले जानकारी दिनुभयो । विज्ञान र प्रविधिको प्रयोगले संसारलाई नै चुनौति थपिरहेको अवस्थामा युवाको क्षमता र दक्षता पहिल्याउन सरकारले काम गरिरहेको उहाँले बताउनुभयो ।

युवा नमुना संसद अभ्यास कार्यक्रम आगामी शनिबारसम्म संचालन हुने आयोजक प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यक्रममा प्रदेशका १३ जिल्लाबाट ४४ जना युवाको सहभागिता रहेको छ । १३ जिल्लाका एक/एक स्थानीय तहबाट एक किशोर र एक किशोरी गरी २६, राष्ट्रिय युवा परिषद्को सिफारिसमा ८ जना र बाँकी प्रदेश युवा परिषद्ले छनौट गरी सहभागी पठाएको चौलागाईले जानकारी दिनुभयो । कार्यक्रममा सहभागीले ३ दिनमा संसदीय अभ्यास, संसदको काम कारवाही, प्रदेशसभा नियमावलीको प्रावधानहरु बरेमा अभ्यास गर्नेछन् ।

# शैक्षिक सहयोग कोषमा १ लाख २० हजार थपियो




*नारायणी यातायात व्यवसायी संघले एक लाख रुपैयाँ हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः शैक्षिक सहयोग अक्षयकोषमा १ लाख २० हजार रुपैयाँ थपिएको छ । शनिबार नारायणी यातायात व्यवसायी संघले कोषमा १ लाख रुपैयाँ र बुधबार मकवानपुर बहुमुखी क्याम्पसले २० हजार ३ सय रुपैयाँ अक्षयकोषलाई सहयोग गरेको छ ।

२०७६ सालमा स्थापना भएको कोषमा एक सय जना व्यक्ति र २० वटा संस्था सदस्य बनेका छन् । कोषमा अहिले १८ लाख रुपैयाँ पुगेको कोषका अध्यक्ष रघुनाथ खुलालले जानकारी दिनुभएको छ । शनिबार नारायणी यातायात व्यवसायी संघले संघै कार्यालयमा एक कार्यक्रमका बीच कोषमा रकम सहयोग गरेको थियो भने मकवानपुर बहुमुखी क्याम्पसका अध्यक्ष अनन्त प्रसाद पौडेल र क्याम्पस प्रमुख यमबहादुर सिलवालले सहयोग रकमको चेक हस्तान्तरण गर्नुभएको थियो ।

अक्षय कोषबाट प्राप्त हुने ब्याज रकमबाट कक्षा ९ देखि १२ का विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्ने गरिएको छ । शिक्षामा बालबालिकाको पहुँच पुऱ्याउने उद्देश्यले कोषले दुवै अभिभावक गुमाएका बालबालिका, एक अभिभावक गुमाएका बालबालिका र विपन्न बालबालिकालाई छात्रवृत्ति वितरण गर्दै आएको छ । कोषले गत बर्ष १० जना बालबालिकालाई छात्रवृत्ति वापत ९४ हजार रुपैयाँ वितरण गरेको थियो । कोषले बढीजसो विपन्न माझी, वनकरिया, चेपाङ आदि दुर्गम स्थानका बालबालिकालाई छात्रवृत्ति वितरण गर्दै आएको छ ।

कोषको उद्देश्य विपन्न र अभिभावकविहिन बालबालिकाको शिक्षामा पहूँच बढाउन छात्रवृत्तिको व्यवस्था गर्ने, शैक्षिक संस्थाको पूर्वाधार विकास र शैक्षिक सामग्री व्यवस्थापनका लागि सहयोग पुऱ्याउने, शिक्षासँग सरोकार राख्ने नागरिकहरूलाई उत्प्रेरित गरी शैक्षिक गुणस्तर सुधारमा टेवा पुऱ्याउने, विद्यालय भर्ना भएका बालबालिकाहरूको शिक्षामा निरन्तरताका लागि सहयोग गर्ने रहेको खुलालले जानकारी दिनुभयो ।

अक्षय कोषलाई विस्तार गर्न कोषमा आवद्धताका लागि नागरिक तथा सरोकारवालाहरुलाई उत्प्रेरित गर्ने, विपन्न र अभिभावक गुमाएका बालबालिकाहरुको शैक्षिक कल्याणका योजनाहरु तयार गर्ने तथा तिनको शर्तहरु निर्धारण गर्ने, विद्यालयको शैक्षिक, भौतिक लगायत पूर्वाधार विकासका लागि दाताहरुको खोजी गरी विद्यालय सुधारका लागि समन्वय गर्ने, कोषबाट बार्षिक रुपमा वितरण गरिने छात्रवृत्ति वितरणका आधारहरु तयार गर्ने र छात्रवृत्तिका विधाहरू निर्धारण गर्ने गरेको छ । कोषमा ४ प्रकारले आवद्ध हुन सकिने उहाँले जानकारी दिनुभयो । सस्थामा साधारण सदस्य, आजिवन सदस्य, विशिष्ट सदस्य र संस्थागत सदस्य रहेका छन् ।

## मनहरीमा धर्मराज स्मृति फुटबल हुँदै

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिकामा प्रथम संस्करणको मिलन धर्मराज स्मृति खुला नकआउट फुटबल प्रतियोगिता हुने भएको छ । सिम्पानी युथ क्लबको आयोजनामा असार २० गतेबाट प्रतियोगिता हुने भएको हो ।

मनहरी-८ स्थित सिम्पानी मैदानमा हुने प्रतियोगितामा मकवानपुरसहित बाहिरी जिल्लाका टिम सहभागी हुन पाउनेछन् । प्रतियोगितामा सहभागी हुनका लागि दर्ता शुल्क ७ हजार रुपैयाँ तोकिएको र असार १७ गतेसम्म टाइसिट सार्वजनिक गरिने क्लबका अध्यक्ष प्रकाश सुवेदीले जानकारी दिनुभएको छ । प्रतियोगितामा सहभागी हुनका लागि बुधबारसम्म ८ टिम दर्ता भएको अध्यक्ष सुवेदीले बताउनुभयो ।

गाउँपालिकाको पूर्वफुटबल खेलाडी मिलन धर्मराजको स्मृतिमा यस वर्षबाट प्रतियोगिता आयोजना गर्न लागेको उहाँले बताउनुभयो । स्कुटर दुर्घटनामा निधन भएका धर्मराजको स्मृतिमा प्रतियोगितालाई निरन्तरता दिने लक्ष्य रहेको उहाँले बताउनुभयो । प्रतियोगिता आयोजनाका लागि गाउँपालिकाबाट विभिन्न सामग्री सहयोग प्राप्त भएको उहाँले बताउनुभयो ।

प्रतियोगिताका लागि स्थानीय क्रसर व्यावसायी र अन्य व्यक्तिहरुबाट पनि सहयोग प्राप्त हुने उहाँको भनाइ छ । प्रतियोगितामा सहभागी हुन आउने टिमहरुका लागि गाडी भाडाको व्यवस्था आयोजकले गर्ने बताउनुभयो । विभिन्न स्थानका खेलाडीहरुबीच भातृत्व कायम गराउन, राष्ट्रिय खेलाडी उत्पादन गर्न र फुटबल खेलको महत्वबारे बुझाउन प्रतियोगिता आयोजना गर्न लागेको जनाइएको छ ।

फिफाको नियमअनुसार सञ्चालन हुने प्रतियोगितामा सहभागी प्रतियोगिहरुले कुनै प्रकारको झै-झगडा गरेमा प्रतियोगिताबाट बाहिरनेछन् । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, विधागततर्फ उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई ५-५ हजार रुपैयाँको नगद राशि र प्रमाणपत्र प्राप्त गरिनेछ । यस्तै, प्रतियोगिता अवधिभरको सर्वोकृष्ट खेलाडीले ७ हजार रुपैयाँ र ट्रफि प्राप्त गर्नेछन् । प्रतियोगिता आयोजनाका लागि करिब ९ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

# स्काउटको स्थापना दिवसमा प्रभातफेरी



समाज संवाददाता

हेटौँडाः नेपाल स्काउटको ७३ औं स्थापना दिवसको अवसरमा हेटौंडामा प्रभातफेरीको आयोजना गरिएको छ । बुधबार हेटौँडा उपमहानगरपालिका स्काउट समितिले स्थापना दिवसको अवसरमा प्रभातफेरीको आयोजना गरेको हो । प्रभातफेरीमा हेटौँडाका १३ वटा विद्यालयबाट करिब ४ सय ५० जना स्काउट विद्यार्थीहरु र १० जना स्काउट नगर कार्यसमितिको सहभागिता रहेको थियो ।

हेटौँडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालय परिसरबाट सुरु भएको प्रभातफेरी, मानसचोक, काँग्रेसचोक, उद्योग वाणिज्य संघ, बुद्धचोक सीमाचोक, मेनरोड र सुमार्गी कम्प्लेक्स हुँदै हेटौँडा-४, पारिजातपथस्थित बहुउद्देश्यीय कभर्ड हलमा समापन भएको थियो । नेपाल स्काउटको हेटौँडा उपमहानगर पालिकाका प्रमुख आयुक्त अनिल आचार्यको अध्यक्षतामा कार्यक्रम भएको हो । १२ बर्षपछि निर्वाचित नगर कमिटिले पहिलो पटक कार्यक्रमको आयोजना गरेको हो ।

स्काउटले ३ वटा प्रतिज्ञा र १० वटा नियममा रहेर आफ्नो भूमिका निर्वाह गर्नुपर्ने बताइएको छ । हेटौँडा उपमहानगर पालिकाका उपप्रमुख एवम् स्थानीय स्काउटका प्रमुख राजेश बानियाँले हेटौँडालाई स्काउटमय बनाउने कामलाई अगाडि बढाउने बताउनुभयो । उहाँले स्काउटको संख्या बढाउनका आफुले साथ र सहयोग गर्ने विश्वास दिलाउनुभयो । प्रभातफेरीको समापन कार्यक्रममा नेपाल स्काउटका राष्ट्रिय परिषद् सदस्य अशोक सारु मगरको पनि उपस्थिति रहेको थियो ।

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं
- जस्तापाता लगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PTE/Ielts
युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।


Laya Shrestha


Pradip Adhikari

उत्कृस्ट जापानिज भाषा को लागि IDB Hetauda Education Consultancy !!
जहाँ जापानबाट फर्कनु भएको अनुभवी शिक्षकहरुद्वारा अध्यापन गराइने



सम्पर्क : ०५७-५९०६४५
९८०२३७१४४४
ठेगाना : स्कूलरोड, हेटौंडा-४
पुजन प्लाजा तेस्रो तल्ला
IDB Education Consultancy pvt Ltd

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर
के तपाइ’ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ